## नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग नेपालका लागि बेलायती राजदूतावासका महामहिम Deputy Head of Mission Mr. Guy Harrison ले वैशाख २५ गते केन्द्रीय कार्यालय, बालुवाटारमा भेट गर्नुभयो । सो अवसरमा Mr, Harrison ले सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा नेपालले गरेका प्रतिबद्धता, फ्रान्समा भएको Financial Action Task Force को पछिल्लो बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण सम्बन्धी पालना नगरेबापतको सूचीमा पर्नबाट जोगिएको स्मरण गराउनु हुँदै नेपालले गरेका प्रतिबद्धता र गरिनुपर्ने अरू कामका बारेमा भइरहेको प्रगतिका सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो ।



साथै, उहाँले बेलायत नेपालको एक असल मित्र राष्ट्र भएकाले सम्पत्ति शुद्धीकरण निवारणको कार्यमा भइरहेको प्रगतिका बारेमा जिज्ञासा राखेको र नेपालले गरेका उक्त प्रतिबद्धता पूरा नगरेमा नेपाललाई अन्तराष्ट्रिय समुदायमा नकारात्मक असर पर्न सक्ने कुरामा ध्यानाकर्षण समेत गराउनुभएको थियो ।

उक्त अवसरमा गभर्नर खतिवडाले सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा Financial Action Task Force समक्ष नेपालबाट गरिएका प्रतिवद्धता पूरा गर्ने सम्बन्धमा आफूले सरोकारवाला सम्पूर्ण निकायमा यथा समयमा ध्यानाकर्षण गराइरहेको र यस सम्बन्धमा प्रशासनिक क्षेत्रबाट पर्याप्त गृहकार्य गरिएको भए पनि राजनैतिक संक्रमणका कारण अपेक्षित प्रगति हासिल हुन नसकेको जानकारी गराउनुभएको थियो । यस सम्बन्धमा सरकारले पूर्णता प्राप्त गरेपछि पुनः स्मरण गराउने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभएको थियो । उहाँले नेपालको वित्तीय क्षेत्र स्थायित्वका सम्बन्धमा प्रभावकारी नियमन र सुपरिवेक्षण मार्फत महत्वपूर्ण उपलब्धि हासिल भइरहेको र नेपालका समष्टिगत आर्थिक परिसूचकहरूका साथै वित्तीय क्षेत्र सुदृढ रहेको सन्दर्भमा राजनैतिक स्थायित्वपछि यस सम्बन्धमा अझ उपलब्धि हासिल हुने विश्वास समेत व्यक्त गनुभएको थियो ।

२०६९ वैशाख २५ गते सोमबार

गभर्नरको कार्यालय